सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५४ | गान्तोक, (शुक्रबार) ०८ जनवरी, २०२१ | अङ्क ०१

## न्यायाधीश जितेन्द्र महेश्वरी सिक्किम उच्च न्यायालयका मुख्य न्यायाधीश नियुक्त









**गान्तोक।**

आन्ध्र प्रदेश उच्च न्यायालयका पूर्व मुख्य न्यायाधीश जितेन्द्र कुमार महेश्वरी सिक्किम उच्च न्यायालयका मुख्य न्यायाधीश नियुक्त हुनुभएको छ। उहाँलाई ६ जनवरीको दिन राज्यपाल गंगा प्रसादले पद अनि गोपनीयताको शपथ ग्रहण गराउनुभयो। राजभावनको आशिर्वाद हलमा आयोजित शपथ ग्रहण कार्यक्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङ (गोले)–को विशेष उपस्थिति रहेको थियो।

मध्य प्रदेशको मोरेना जिल्लाको एउटा सानो शहर जौरामा २९ जून १९६१–मा जन्मिनुभएका न्यायाधीश जितेन्द्र कुमार महेश्वरी मध्यप्रदेश उच्च न्यायालयका न्यायधीश पनि रहिसक्नुभएको छ। शपथ ग्रहण समारोहमा सिक्किम उच्च न्यायालयका न्यायधीशद्वय मिनाक्षी मदन राई र भाष्करराज प्रधान, विधानसभा उपाध्यक्ष साङ्गे लेप्चा, लोकसभा सांसद इन्द्रहाङ सुब्बा, सिक्किम राज्य लोकायुक्तका न्यायाधीश एपी सुब्बा, मन्त्री अनि विधायकगण साथै सिक्किम सरकारका उच्च धिकारीहरूको उपस्थिति रहेको थियो।

शपथ ग्रहणको औपचारिकतापछि राज्यपाल, मुख्यमन्त्री साथै सबै आमन्त्रित अतिथिगणले नवनियुक्त उच्च न्यायाधीशलाई खादा लगाएर औपचारिक रुपमा स्वागत जनाउनुभयो।

## छुटेका जातिलाई जनजातिको दर्जा दिलाउन हामी सबै प्रयास गर्नेछौं: मुख्यमन्त्री



**गान्तोक।**

गत ५ जनवरी २०२१–को दिन मुख्यमन्त्री प्रेमसिंह तामाङ (गोले)–ले गान्तोकस्थित सम्मान भवनमा छुटेका ११ जातीय समुदायका प्रतिनिधिहरूहरुलाई सम्बोधन गर्नुहुँदै छुटेका ११ जातिलाई जनजातिको दर्जा दिलाउनु चुनाउ घोषणा पत्रमा उल्लेख गरिएको वाचाहरूमध्ये एक हो, जुन वाचा पूरा गर्नलाई हामी कुनै पनि कसर बाँकी राख्नेछैनौं भन्नुभयो। उल्लेख्य, मुख्यमन्त्री प्रेमसिंह तामाङको दिशानिर्देशअनुसार छुटेका ११ जात–गोष्ठीका प्रतिनिधिहरूलाई तिनीहरूको आफ्नो सुझाउ, विचार आदि राख्नलाई निम्त्याइएको हुनाले सम्मान भवनमा यो सभा आयोजना गरिएको थियो। सभामा प्रतिनिधिहरूले आफ्ना विचार र आफूहरूद्वारा गरिएका कामहरूको मुख्यमन्त्रीलाई अवगत गराए।

उक्त सभालाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री प्रेमसिंह तामाङले प्रतिनिधि टोलीले प्रधानमन्त्री नरेन्द्र मोदी, गृह मन्त्री, जनजाति मामिला मन्त्रीलगायत धेरै अन्य केन्द्रिय मन्त्री तथा नेताहरूसित भेट गर्ने कार्य गरिसकेको अवगत गराउँनुभयो। यस मुद्दालाई समाधान गर्नको निम्ति सिक्किमका एकल लोकसभा सांसद इन्द्रहाङ सुब्बाले समर्पित भएर काम गरिरहेको कुरा पनि सभामा जानकारी गराइयो। मुख्यमन्त्रीले प्रतिनिधिहरूलाई मुद्दालाई बल दिनको निम्ति एउटा कमिटी गठन गर्ने सुझाउ पनि दिनुभयो्। छुटेका ११ जातिमा १ जाति 'माझी' थपिएर यो १२ जाति भएको छ। मुख्यमन्त्रीले सङ्गठनहरूलाई सक्दो सहयोग प्रदान गर्ने आश्वासन पनि दिनुभयो।

उक्त सभामा मुख्यमन्त्रीले मन्त्रीगण, विधायक, सांसद अनि १२ समुदायका प्रतिनिधिहरूलाई लिएर एउटा टोली दिल्ली जानुपर्ने बारेमा पनि अवगत गराउँनुभएको छ। उक्त सभामा मन्त्रीगण अरूण उप्रेती, सञ्जीत

*रहल पृष्ठ२ मा*

## बीसीसीआई बोर्ड टोलीको मुख्यमन्त्रीसित भेट



**गान्तोक।**

भारतीय क्रिकेट बोर्डका अवैतनिक सचिव जय शाहले ६ जनवरीको दिन मुख्यमन्त्री प्रेमसिंह तामाङ (गोले)–सित उहाँको सरकारी निवास, मिन्तोगाङमा भेट गर्नुभयो। भेटघाटको समयमा राज्यमा क्रिकेटको बढ़ोत्तरी र सम्बन्धित क्षेत्रका सुविधाहरूमा सुधारबारे धेरैवटा बुँदाहरूमाथि चर्चा भयो। सिक्किममा क्रिकेटको विकास र अखण्डताको निम्ति हरसम्भव समर्थन दिने आश्वासन दिइएको छ। यो बीसीसीआई–का अवैतनिक सचिव अनि वरिष्ठ सदस्यहरूले सिक्किम भ्रमण गरेको पहिलोपल्ट हो। उहाँहरूको सिक्किम भ्रमणले राज्यमा क्रिकेटको विकासको निम्ति आफ्नो ध्यान केन्द्रित गरेको छ भन्ने कुरा दर्शाएको छ र ती युवाहरूलाई प्रेरित

*रहल पृष्ठ २ मा..*

## १५औं मेधावी छात्रवृत्ति अनि पुरस्कार अलङ्करण समारोह

**थर्पु।**

५ जनवरीको दिन पश्चिम सिक्किमको थर्पुस्थित सरकारी उच्चतर माध्यमिक विद्यालयको प्रेक्षागृहमा हिमाकर्ण सञ्चरीनी मेमोरियल सोसाइटीको तत्परतामा १५औं मेधावी छात्रवृत्ति तथा पुरस्कार अलङ्करण समारोह सम्पन्न भयो। विद्यार्थीहरूलाई शिक्षण क्षेत्रमा प्रेरित गर्ने उद्देश्यले आयोजित कार्यक्रममा मुख्य अतिथिका रूपमा वरिष्ठ नागरिक तथा पूर्व पञ्चायत उपाध्यक्ष बीडी शर्मा उपस्थित रहनुभएको थियो। कार्यक्रममा मेमोरियल सोसाइटीका प्रमुख संरक्षण तथा पूर्व मन्त्री आरबी सुब्बा (खेवा), लाचुङ शेर्पा, ग्राम पञ्चायतगण, जिल्ला पञ्चायतगण, मानव संसाधन विकास विभागका एडी, प्राचार्यगण प्रधानाध्यापकगण, एसवाईएस–का अध्यक्ष सुकवीर खेवा, स्थानीय विशिष्ट व्यक्ति र शिक्षकहरूको उपस्थिति रहेको थियो। मेमोरियल सोसाइटीले शैक्षिक सत्र २०१९–२०२०मा एआईएसएस ईको परीक्षामा सोरेङ निर्वाचन क्षेत्रबाट सर्वोत्कृष्ट अङ्क (मानविकी) ७०.२ हासिल गर्ने थर्पु एसएसएसका विद्यार्थी अविनाश अधिकारीलाई यो वर्षको छात्रवृति प्रदान गरियो।

ज्ञात रहोस्, हिमाकर्ण सञ्चरानी मेमोरियल सोसाइटीले गत २००६–देखि निरन्तर रूपमा मेधावी छात्रवृत्ति कार्यक्रम आयोजन गर्दै आइरहेको छ। हालसम्म १९ जना

*रहल पृष्ठ२ मा*

# मुख्यमन्त्री(गोले)-द्वारा गरीब अनि वञ्चित एक परिवारलाई उपहारस्वरूप एउटा घर प्रदान

**गान्तोक।**

मुख्यमन्त्री प्रेमसिंह तामाङ (गोले)-ले गरीब अनि वञ्चित एक परिवारलाई उपहारस्वरूप एउटा घर प्रदान गर्नुभयो।

नयाँ वर्षको अवसरमा मुख्यमन्त्री तामाङले आफ्नो मासिक वेतनबाट पोकलोक-कामराङको खोलाघारी वार्ड निवासी पर्तुमान राईको निम्ति घर निर्माण गरिदिनुभएको छ। घरसँगै टीभी लगायत घरमा चाहिने आवश्यक सामग्री पनि प्रदान गरिएको छ। मुख्यमन्त्रीले आफ्नै वेतनबाट निर्माण गरेको सो घर नयाँ वर्षको पहिलो दिन लाभार्थी राईलाई आशीर्वादस्वरुप प्रदान गरियो।।

खण्ड प्रसाशनिक केन्द्र, नाम्चीकी खण्ड विकास अधिकारी (बीडीओ) बबिता राईद्वारा नवनिर्मित घरको उद्घाटन गरिएको थियो, जहाँ मुख्यमन्त्रीका समन्वयक आरबी तामाङ, पोकलोक कामराङ क्षेत्रका सीएलसी अध्यक्ष दावग्याल लेप्चा, सुजेन्द्र याखालागायत सक्रिय युवा बुद्धिराज राई एवं अन्यको उपस्थिति रहेको थियो

# कौशल विकास प्रशिक्षण कार्यक्रम



**नाम्ची।**

२ जनवरी, सिक्किममा कौशल विकास प्रशिक्षण कार्यक्रमको दोस्रो चरण दक्षिण सिक्किमको आईटीआई नाम्चीमा शुरू भयो। कौशल विकास कार्यक्रमको उद्घाटन कार्यक्रममा २७ जनाले उक्त कार्यक्रममा भाग लिएका थिए। नाम्ची आईटीआईद्वारा आजोयित उक्त कार्यक्रममा श्री शंकर भौमिक, जीएम, एनएचआईडीसीएल र श्री एम. एन भोटिया, प्राचार्य आईटीआई नाम्ची लगायत अन्य एनएचआईडीसीएल अभियन्ता र आईटीआईको संकायको पनि उपस्थित थिए।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नाम्ची आईटीआइका प्राचार्यले प्रशिक्षणको आवश्यकतामाथि प्रकाश पार्नुहुँदै प्रशिक्षार्थीहरूलाई आत्मनिर्भरताको लागि प्रशिक्षणबाट भरपूर लाभ उठाउने आग्रह गर्नुभयो। उहाँले माननीय मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ, सचिव र कौशल विकास निर्देशकलाई आईटीआई नामचीमा प्रशिक्षण कार्यक्रम आयोजना गरेबापत व्यक्त गर्नुभयो। सीआइडीसीका तालिम प्रभारी आरके मिश्रले प्रशिक्षण कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो। यस अतिरिक्त एनएचआईडीसीएलका जीएम, श्रीशंकर भौमिकले आफ्नो भाषणमा कौशल विकास प्रशिक्षण कार्यक्रमको उद्देश्य र दिशानिर्देशहरू स्पष्ट रूपमा प्रस्तुत गर्नुभयो।

उक्त कार्यक्रमलाई आवश्यक मार्गदर्शन र सहयोग पुर्याएिबापत उहाँले कौशल विकास सचिवप्रति पनि आभार व्यक्त गर्नुभयो।

उहाँले प्रशिक्षणका लागि छानिएका सहभागीहरुलाई बधाई दिनुहुँदै आईटीआई, नाम्चीलाई उनीहरूको सहयोगको निम्ति धन्यवाद दिनुभयो।

# प्रगतिशील विद्यार्थी साहित्य सङ्घ, सोरेङद्वारा सामाजिक कार्य गरियो

**सोरेङ।**

१ जनवरीको दिन प्रगतिशील विद्यार्थी साहित्य सङ्घले सोरेङ बजार र वरिपरिका क्षेत्रमा कुड़ादानी राख्ने काम गरेको छ। सोरेङ क्षेत्रलाई अत्याधिक सफा र सुन्दर राख्ने अठोटले संस्थाले समय समयमा सफाई अभियान चलाइरहेछ र उक्त दिन गौंडा गौंडामा कुडादानी राख्ने काम गरेको छ। त्यसबाहेक संस्थाले यस क्षेत्रका प्रायः असहाय मानिसहरूलाई ओढ्ने ब्ल्याङ्केट साथै जाडोमा लाउने लुगाहरू वितरण गरेको छ। संस्थाकी अध्यक्षा श्रद्धाञ्जली दाहालसित फोनमार्फत कुराकानी गर्दा उनी भन्छिन् - नयाँ सालको पहिलो दिन धेरैले बनभोज खाएर अथवा रमाइलो गरेर दिन बिताउँछन् तर समाजका बेसहारा मानिसहरूको निम्ति नयाँ साल कहिल्यै आउँदैन। त्यसकारण हाम्रो संस्थाले आज समाजका बेसहारा अथवा असहाय मानिसहरूलाई तातो ओढ्ने र लगाउने लुगाहरू वितरण गरेका छौं साथै स्वादिष्ट खाना पनि बाँटेका छौं। उनीहरूलाई ह्याप्पी निऊ इयरको सानो आनन्द दिएका छौं। संस्थाले बाह्रवटा गौंडाहरूमा कुडादानी राखेको छ र लगभग चौध जना असहायहरूलाई लुगा वितरण गरेको छ।

संस्थामा बाह्रौं श्रेणीसम्मका विद्यार्थीहरू छन्। नयाँ वर्षको स्वागत नौलो तरकाले गेरर मैलोमुक्त सोरेङ बनाउने सङ्कल्प पनि विद्यार्थीहरूले लिएका छन्।

**छोड़िएका जातिलाइ................**

खरेल, एल.एन शर्मा, बीएस पन्त, रिनोक निर्वाचन क्षेत्रका विधायक विष्णुकुमार खतिवड़ा, लोकसभा सांसद इन्द्रहाङ सुब्बा, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार टीएन ढकाल, प्रेस सल्लाहकार सीपी शर्मा, ओबीसीका अध्यक्षा सुश्री पवित्र भण्डारी, अन्य अधिकारी र विभिन्न सङ्गठनका कार्यकारी सदस्यहरूको उपस्थिति रहेको थियो।

**१५औं मेधावी..............**

विद्यार्थीलाई सोसाइटीले छात्रवृत्ति प्रदान गरिसकेकको छ। छात्रवृत्ति प्राप्त गर्ने पूर्व विद्यार्थीहरूमा हाल पाँचजना डाक्टर, वन विभागमा खण्ड अधिकारी (बीओ), विभिन्न विद्यालयमा शिक्षक, आईआईटी, आईआरबी-सहित अन्य विभिन्न विभागमा नोकरी गरिरहेका छन्। पूर्व मन्त्री आरबी सुब्बा खेवाले आफ्ना दिवङ्गत माता-पिताको स्मृतिमा सोसाइटी स्थापना गरेर विद्यार्थीहरूलाई शैक्षिक क्षेत्रमा प्रोतसाहित गर्ने उद्देश्यले यो महान् प्रयासको थालनी गरेको मुख्य अतिथि डीबी शर्माले बताउनुभयो।

# मगरजोङमा बाराहिमिजोङ पालन

**गान्तोक।**

पश्चिम सिक्किमको मगरजोङमा ४ जनवरीका दिन मगर समुदायको महान पर्व बाराहिमिजोङ विविध कार्यक्रमहरूको साथमा पालन गरियो। कृषि एवं वागवानी बोर्डका अध्यक्ष सीके राणाको मुख्य अतिथ्यमा सम्पन्न कार्यक्रममा विधायक राजकुमारी थापा, मुख्यमन्त्रीका प्रेस सल्लाहकार सीपी शर्मालगायत अन्यको विशेष उपस्थिति थियो।

आफ्नो सम्बोधनमा मुख्य अतिथिले २२ जनवरीमा यस ऐतिहासिक स्थलमा मुख्यमन्त्रीको बाहुलीद्वारा पूर्वाधारको आधारशिला राखिने जानकारी गराउनुभयो। सल्लाहकार सीपी शर्माले यस पर्वको ऐतिहासिक महत्त्वमाथि प्रकाश पार्नुभयो। समारोहलाई विधायक थापा र अध्यक्ष विनोद बस्नेतले पनि सम्बोधन गर्नुभयो।

# दशवटा संस्थालाई टेन्ट प्रदान

**रम्फू।**

४ जनवरीको दिन रातेपानी-नामथाङका क्षेत्र विधायक एवं परिवहन मन्त्री सञ्जीत खरेलले क्षेत्रका १० संस्थालाई टेन्ट प्रदान गर्नुभयो। निर्वाचन क्षेत्र स्तरीय सभापति आरएस तामाङसहित कार्यकारी सदस्यहरूको उपस्थितिबीच अप्पर रातेपानी, पलिताम, लोअर कट्याङ,मामरिङ, तुरुङ कञ्चनजङअगा युथ, मायल् मुताञ्ची, सुनाखरी, टेक युथ क्लब र चर्चलाई प्रदान गरियो। सबैलाई समान न्याय, सुरक्षा र गरिखाने बनाउनु मुख्यमन्त्रीको प्रमुख लक्ष्य र उद्देश्य रहेको मन्त्री खरेलले बताउनुभयो। उहाँले लाभार्थीहरूसहित सबै संस्थालाई टेन्टको सहीरूपमा उपयोग गर्ने अनुरोध गर्नुभयो।

# कोरोनाभाइरस टीकाकरणको निम्ति सिक्किम तयारः डा पेम्पा टी. भोटिया

गान्तोक ५ जनवरी, कोरोना महामारीलाई रोक्नको निम्ति भारत सरकारद्वारा टिकाकरण कार्यक्रमको शुरुवात गर्न लागेको छ। यता सिक्किममा पनि टिकाकरण कार्यक्रमलाई लिएर सिक्किम पूर्ण रूपले तयार रहेको स्वास्थ्य विभागका महानिर्देशक एवं सचिव डा. पेम्पा टी. भोटियाले बताउनुभयो। उहाँले राज्यमा भर्खरै ९-१४ वर्ष उमेरका ३३ हजार छोराहरूलाई लिएर सम्पन्न गरिएको एचपीभी भ्याक्सिनेशनको जनशक्ति, पूर्वाधार र अनुभवले कोविड टिकाकरणमा सहयोग पुग्ने बताउनुभयो। एचपीभी टिकाकरण मिशन मोडमा गरिएको तर कोविड १९ भ्याक्सिनेशन मिशन मोडमा नहुने बताउँनुहुँदै उहाँले भन्नुभयो, कोविड-१९ टिकाकरण एकैपल्टमा सबैलाई लगाउनु पर्दैन भन्नुभयो। एचपीभी टिकाकरणको अनुभव रहेको हुनाले एचपीभी टिकाकरण अधिकारी र कर्मचारीहरू नै कोविड-१९ टिकाकरणमा रहनेछ भन्नुभयो।

राज्यमा स्वास्थ्य विभागले भारत सरकारको मार्गनिर्देशनअनुसार, टीकारणलाई लिएर तयारी गरिरहेको डा. भोटियाले बताउनुभयो। भारत सरकारको निर्देशअनुसार टिकाकरममा पहिलो प्राथमिकता स्वास्थ्यकर्मीहरूलाई दिइनेछ जसको निम्ति विभागले स्वास्थ्यकर्मीहरूको नाम पञ्जीकरण गरिसकेको छ। त्यसपछि फ्रन्टलाइन वर्करहरूलाई टीका लगाइने र त्यसको पनि त्यसको पनि तथ्याङ्क विभागले तयार पारिसकेको र भारत सरकारको निर्देश आउनेसाथ वेबसाइटमा अपलोड गरिने उहाँले बताउनुभयो। तेस्रो चरणमा ५० वर्षभन्दा अधिक उमेरकाहरूलाई टीका लगाईने जसको तथ्यङ्क सङ्कलन गर्न स्वास्थ्य विभागले चुनाउ आयोगको सहयोग लिइरहेको डा. भोटियाले बताउनुभयो। त्यसपछि भने ५० वर्षभन्दा कम उमेर अन्य रोगका बिमारीहरूलाई टीका लगाइने उहाँले थप बताउनुभयो। राज्यमा टिका राख्नको निम्ति सबै आवश्यक पूर्वाधार उपलब्ध रहेको डा. भोटियाले बताउनुभयो।

# ब्याडमिन्टन प्रतियोगिताको समापन

रम्फू, ३ जनवरी। सात दिनसम्म चलेको इनहाउस ब्याडमिन्टन लीगको आज समापन भयो। माझिटारमा सम्पन्न लिगमा १४-जना खेलाड़ीले भाग लिएका थिए, जहाँ एसीएफ ले विजय हासिल गरेको छ। टोरेन्ट दवाई कम्पनीका कोदो टैसोलाई प्रतियोगिताका उत्कृष्ट खेलाड़ी चयन गरियो। विजयी तथा उपविजयी टोलीलाई मुख्य अतिथिको बाहुलीद्वारा ट्रफी प्रदान गरियो।

प्रतियोगिता आयोजक समितिले सबै प्रतिभागि र अतिथिहरुलाई सकारात्मक सहयोगको निम्ति कृतज्ञता व्यक्त गर्दै खेल र स्वास्थ्य क्षेत्रलाई बढ़ावा दिन आउने वर्ष निर्वाचन स्तरीय ब्याडमिन्टन प्रतियोगिताको आयोजना गर्ने जनाएको छ।

**बीसीसीआई बोर्डको ...........**

गर्दछ, जसले क्रिकेटलाई एउटा पेशाको रूपमा अँगाल्ने इच्छा राख्दछन्।

उल्लेख्य, २०१८-देखि यता ४-वटा राज्यहरूलाई राष्ट्रिय क्रिकेट अर्गनाइजेशनमा सामेल गरिएको छ। यसबारे जय शाहलाई सिक्किम र अन्य राज्यहरू बिहार, अरूणाचल प्रदेश अनि उत्तराखण्डको प्रभारी नियुक्त गरिएको छ। सभामा मुख्यमन्त्री प्रेमसिंह तामाङले क्रिकेट बोर्डका टोलीसमक्ष सिक्किममा एउटा राष्ट्रिय क्रिकेट अकादमी स्थापित गरिदिने प्रस्ताव राख्नुभयो। उहाँले भन्नुभयो, यसले नयाँ पीढ़ीलाई एउटा मञ्च प्रदान गर्नेछ अनि यसको निम्ति राज्य सरकारले सबै सक्दो सहयोग उपलब्ध गराउनेछ। मुख्यमन्त्री तामाङले टोलीलाई सिक्किम भ्रमणको निम्ति धन्यवाद दिनुहुँदै उहाँहरूको उद्देश्यप्राप्तिको निम्ति शुभेच्छा प्रकट गर्नुभयो। आउँदा दिनमा सिक्किमबाट पनि राज्यलाई देश अनि विदेशमा प्रतिनिधित्व गर्ने प्रतिभा निस्किनेछन् भन्ने कुरामा मुख्यमन्त्रीले आशा व्यक्त गर्नुभएको छ।

उक्त भेटघाटको निम्ति सरिक बोर्डको टोलीमा बङ्गाल क्रिकेट एसोसिएशनका सभापति अभिशेक डालमिया, आईपीएल गभर्निङ काउन्सिलका काउन्सिलर मामोम मजुमदार, बीसीसीआई-का अन्तरिम सीईओ हेमाङ अमिन, बीसीसीआई परिचालन समितिका एजीएम गौरव सक्सेना, सिक्किम क्रिकेट एसोसिएशनका सभापति लोप्जाङ तेन्जिङ र अन्य सामेल थिए।

# विद्युत विभाग
# सिक्किम सरकार
# गान्तोक
# यस सम्बन्धमा सार्वजनिक सूचना

पीसीई एवं सचिव, विद्युत विभाग, सिक्किम सरकारद्वारा सिक्किम राज्य विद्युत नियामक आयुक्तसमक्ष बुझाएको वार्षिक राजस्वको आवश्यकता अनि प्रशुल्क याचिका।

सबै ग्राहक अनि हितधारकहरूलाई सूचना प्रसारित गरिएको छ कि विद्युत वितरण तथा खुद्रा बिक्रीमा व्यस्त लाइसिन्सधारी विद्युत विभाग, सिक्किम सरकारले सिक्किम सरकारका लागि सिक्किम राज्य विद्युत आयोग (एसएसईआरसी)-समक्ष प्रशुल्क याचिका दर्ता गरेको छ, जुन अधिनियम, २०१७ (दोस्रो संसोधन)-को सिक्किम राज्य विद्युत नियामक आयोग (मल्टी यर टेरिफ फ्रेम वर्कअन्तर्गत उत्पादन, प्रसारण, ह्विलिङ, वितरण अनि खुद्रा आपूर्ती गर्न शुल्क निर्धारणका लागि नियम अनि शर्तहरू)-को उपनियम १७.१-देखि १७.५-अनुसार विद्युत विभागका लागि वित्त वर्ष २०२१-२२ देखि २०२३-२४-का लागि एमवाईटी नियन्त्रण समयावधीअन्तर्गत वित्त वर्ष २०१९-२०-का लागि ट्रु-अप, २०२०-२१-का लागि समिक्षा, वित्त वर्ष २०२१-२२-का लागि व्यापार योजना अनि प्रशुल्क प्रस्ताव वितरण, प्रसारण अनि उत्पादन कार्यका लागि उल्लेखित दिशानिर्देशको सम्बन्धमा तयार गरिनेछ।

विद्युत विभागले मामिला संख्या एमवाईटी/२०२१-२२/पी-०१/पीडी मितिः ०४.१२.२०२०-मा दर्ता गरेको याचिकालाई आयोगले पञ्जीकरण गर्नका साथै स्वीकार गरेको छ।

एआरआर- चालू २०१९-२०, अनुमानित २०२०-२१ अनि एमवाईटी नियन्त्रण-अन्तर्गत आकलन गरिएको २०२१-२२ देखि २०२३-२४-का लागि विवरण तल टेबलमा दिइएको छ:

## रूपियाँ करोड़मा

| क्रसं | व्याय सामाग्री | २०१९-२० चालू | २०२०-२१अनुमानित | नियन्त्रण समयावधि अंकलन | | |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | इन्धनको खर्च | ०.१८ | ०.१८ | ०.१८ | ०.१८ | ०.१८ |
| २ | विद्युत खरिदको खर्च | २८२.७८ | २९६.९२ | ३११.७६ | ३२७.३५ | ३४३.७२ |
| ३ | उत्पादनको खर्च | २४.४० | १९.१९ | २२.३० | २२.७९ | २३.३१ |
| ४ | कर्मचारी खर्च | १२८.८७ | ९९.३८ | १०५.३४ | १११.६६ | ११८.३६ |
| ५ | आर अनि एम व्यय | २२.६७ | २०.७७ | २२.०२ | २३.३४ | २४.७४ |
| ६ | प्रशासनिक तथा सामान्य न्यय | २.३४ | ३.३० | ३.४९ | ३.७० | ३.९३ |
| ७ | मुल्यह्रस | १५.५८ | १६.५३ | १६.९६ | १७.१७ | १७.२५ |
| ८ | मुल्यह्रस विद्ध अग्रिम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ९ | ब्याज शुल्क | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १० | कार्यशील पुञ्जीमाथि न्यय | १४.१४ | १३.१३ | १४०९ | १४.४८ | १५.६२ |
| ११ | लाभाशं | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १२ | आयकार | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १३ | हस्तान्तरण शुल्क(राज्य भित्र) | ५४.८३ | ४४.५१ | ४८.१८ | ५०.५५ | ५३.०४ |
| **१४** | **आवश्यक कूल राजस्व** | **५४५.७८** | **५१४.०४** | **५४४.३३** | **५७१.५८** | **६००.१४** |
| १५ | कमः गैर प्रशुल्क आम | १.२५ | १.२८ | १.३० | १.३३ | १.३५ |
| **१६** | **आवशअयक शुद्ध राजस्व** | **५४४.५३** | **५१२.७६** | **५४३.०३** | **५७०.२५** | **५९८.७९** |
| १७ | प्रशुल्क ूट राजस्व | २५५.८३ | २५०.७४ | २६०.५६ | २७७.७३ | २८९.८९ |
| १८ | राज्य वाहिर विक्रीबाट राजस्व | ११०.२२ | ११८.१९ | १२१.७८ | १२५.१ | १२८.६१ |
| **१९** | **अन्त(१६-१७-१८)** | **१७८.४९** | **१४३.८३** | **१६०.६८** | **१६७.२४** | **१८०.२९** |
| २० | राजस्व अतिशेष | १७८.४९ | १४३.८३ | १६०.६८ | १६७.२४ | १८०.२९ |
| २० | रेभिन्यु सर्प्लस् केरिड ओभर | .. | .. | .. | -- | -- |
| २१ | प्रस्तावित प्रशुल्कूाट अतिक्त राजस्व | -- | -- | ११.५४ | १३.०६ | १५.३३ |
| २२ | नियमिक सम्पति | -- | -- | --- | --- | -- |
| २३ | उर्जा विक्री | **४११.३५** | **३९५.३३** | ४३८.०९ | ४८०.४७ | **५२४.६०** |

१. वितरण घाटाः चालू वित्त वर्ष २०१९-२०, अनुमानित २०२०-२१ अनि आकलन गरिएको २०२१-२२-का लागि क्रमस २८.७७ प्रतिशत, २६.८४ प्रतिशत अनि २४.०७ प्रतिशत उल्लेख गरिएको छ।

२. माथि पारा-१-मा उल्लेख गरिएको याचिका/आवेदनको प्रति निम्न कार्यालयमा उपलब्ध हुनेछ।

क) मुख्य अभियन्ता, (उत्तर/एसडीए) एवं नोडल अधिकारी (राजस्व), विद्युत विभाग, काजी रोड़, गान्तोक

ख) अतिरिक्त मुख्य अभियन्ता, दक्षिण एवं एएनओ (राजस्व), विद्युत विभाग, काजी रोड़, गान्तोक

३. इच्छुकहरूले उल्लेखित एआरआर र प्रशुल्क प्रस्तावको उपयोग गर्न सक्नेछन् अनि उपरोक्त कार्यालयमा कार्यालयको समयावधि निःशुल्क टिप्पणी गर्न सक्नेछन्।

४. एआरआर अनि प्रशुल्क प्रस्ताव विद्युत विभाग, सिक्किम सरकारको power.sikkim.gov.in-बाट हेर्नका साथै डाउन्लोड गर्न सकिनेछ।

५. विद्युत विभाग, सिक्किम सरकारद्वारा वर्ष २०२१-२२-का लागि प्रस्तावित उपभोक्ताहरूलाई बिजुलीको खुद्रा आपूर्ति गर्न प्रशुल्क अनि शुल्कको विवरण तालिकामा दर्शाइएको छ।

६. एआरआर भर्दा अनि विद्युत विभाग, सिक्किम सरकारद्वारा बुझाइएको प्रशुल्क प्रस्तावमाथि कुनै आपति/सुझाउहरू भए एकैसाथमा सहायक सामग्रीसितै पाँचप्रति १३.०१.२०२१-को दिन अथवा यस भन्दा अघि व्यक्तिगतरूपमा अथवा पञ्जीकृत हुलाक कार्यालयको माध्यमबाट सचिव, सिक्किम राज्य विद्युत नियामक आयोग, देउराली, गान्तोक सिक्किम ७३७१०२-मा दर्ता गर्न सकिनेछ।

७. आपति पत्र पठाउँदा माथि उल्लेखित आपति/सुझाउहरू बुझाउने व्यक्तिको पूरा नाम अनि पत्राचार ठेगानासहित एटेस्टेड गरिएको एफिडेभिट हुनुपर्नेछ। यदि आपति कुनै पनि संगठन अथवा ग्राहकको कुनै मामिलामाथि दर्ता गरिएको भए, त्यो माथि उल्लेखित नियमअनुसार हुनुपर्नेछ। यो कुरा पनि यहाँ उल्लेख गरिन्छ कि आपति/सुझाउहरू दिने व्यक्तिले सबै कुरा सुन्न चाहेको खण्डमा जनसुनवाइको दिन व्यक्तिगतरूपमा उपस्थित हुन सक्नुहुनेछ।

८. यस सूचनाको जवाफमा प्राप्त लिखित आपतिहरू पत्ता लगाइसकेपछि एसएसईआरसी-ले त्यस्ता आपतिहरूलाई आमन्त्रित गर्नसक्छ, किनकि तोकिएको मितिमा सुनवाई गर्नका लागि उचित ठानिएको छ, जसको सूचना आयोगले समयमै दिनेछ।

रहल पृष्ठ ४ मा..

## ९.टेरिभ

| क्रम संङ्ख्या | ग्राहकको वर्ग | वित्त वर्ष २०१९-२०को चालू दर | | वित्त वर्ष २०२०-२१को प्रस्तावित दर | | |
|---|---|---|---|---|---|---|
| | | माग शुल्क रूपियाँ केभिके प्रतिमहिना | उर्जा शुल्क पैसामा- के डब्लयु एच प्रति महिना | डिमाण्ड चार्ज रू- केभीए -मासिक | | उर्जा सुल्क पैसामा- केडब्लुएच प्रति महिना एच |
| १ | घरेलु | | | | | |
| क) | ५० युनिट सम्म | १०० | | | | १२० |
| ख) | ५१ देखि १०० यनिट | २०० | | | | २४० |
| ग) | १०१ देखि२०० यनिट | ३०० | | | | ३७० |
| घ) | २०१ देखि ४०० युनिट | ३५० | | | | ४६० |
| ङ) | ४०१ अनि माथि | ४०० | | | | ५०० |
| | मासिक छुट | ५% | | | | ५% |
| | वार्षक अधिकार | १०% | | | | १०% |
| | वारेषिक न्युनतम शुल्क | --- | | | | -- |
| क | १)एकल चरण | ४० | | | | ५० |
| | २)तीन चरण | २०० | | | | २०० |
| | | --- | | | | -- |
| २ | वाणीशमिक | | | | | |
| | १) ५० युनिट सम्म | ३०० | | | | ३३० |
| | २) ५१-१०० सम्म | ४०० | | | | ४०० |
| | ३)१०१-२०० सम्म | ५०० | | | | ५०० |
| | ४) २०१-४०० सम्म | ६०० | | | | ६०० |
| | ५) ४०१-अनि माथि | ६३० | | | | ६४० |
| | केभिके भन्दा अधिक अनिबन्ध माग (ग्रामीण) | ६० | | | ६० | |
| | केभिए (शहरी) | १०० | | | १०० | |
| | मासिक छुट | ५% | | ५% | | ५% |
| | वाषकि सरचार्ज | | | १०% | | १०% |
| | मासिक न्युन्तम चार्ज | | | | | -- |
| | १) सिंगल फेस् | | | २०० | | २०० |
| | २) ३ फेस् | | | ५०० | | ५०० |
| ३ | **कम तनाव औधोगिक आपूर्ति लिमीटेड (ग्रामीण)** | | | | | |
| | १) ५०० युनिट सम्म | | | ४५० | | ३६० |
| | २) ५००१-१००० युनिट सम्म | | | ६०० | | ४४० |
| | ३) १००१ अनि माथि | | | ६५० | | ५८० |
| ४ | **कम तनाव औधोगिक आपूर्ति लिमीटेड (शहरी)** | | | | | - |
| | १) ५०० युनिट सम्म | | | ६५० | | ४४० |
| | २) ५०१-१००० सम्म | | | ७०० | | ६२० |
| | ३) १००१ अनि माथि | | | ८०० | | ७१५ |
| | कन्ट्रेक्ट डिमाण्ड एक्सीडिङ २५ कभीए (ग्रामीण) | ६० | | ६० | | |
| | कन्ट्रेक्ट डिमाण्ड एक्सीडिङ २५ कभीए (शहरी) | १०० | | १०० | | - |
| | मासिक रिवेट | | | ५% | | ५% |
| | वार्षिक रिवेट | | | १०% | | १०% |
| | मासिक न्युनतम चार्ज | | | | | |
| क) | | | | | | |
| | गार्मीण | | | १००० | | ५०० |
| | शहरी | | | २००० | | १००० |
| ख) | ४५ केभिए माथी(रूपियाँ मा -केभिए प्रति महिना) | | | | | |
| | क) ग्रामीण | १२० | | | १२० | -- |
| | ख) शहरी | २०० | | | २०० | |
| ५ | **उच्च तनाव आपूर्ति ३.३ केभी अनि माथि** | | | | | |
| | १) १०० केभिए सम्म | २०० | | ५०० | २०० | ५२० |
| | २) १००-२५०केभिए सम्म | २५० | | ५५० | २५० | ५७० |
| | ३) २५०-५०० केभिए सम्म | २९० | | ६०० | २९० | ६२० |
| | ४) ५०० केभिए अनि माथि | ५५५ | | ६५० | ५६० | ६७० |
| | मासिक रिवेट | | | २% | | २% |
| | वार्षिक सरचार्ज | | | १०% | | १०% |
| ६ | **थोक आपूर्ति** | | | | | |
| | १) एलटी | | | ७०० | | ६५० |
| | २) एचटी | | | ७०० | | ६६० |
| | मासिक रिवेट | | | ५% | | २% |
| | वार्षक सरचार्ज | | | १०% | | १०% |
| | मासिक न्युनतम चार्ज | | | | | |
| क) | ४५ केभीए भन्दा कम (रूपियाँ- केभीए प्रतिमहिना) | | | | | |
| | १)एलटी | | २००० | | | |
| | २)एच टी | | २००० | | | |
| ख) | ४५ केभिए भनअदा अधिक (रूपियाँ-केभीए प्रतिमहिना) | | | | | |
| ७ | **सर्वजनिक प्रकाश व्ययस्था** | | | | | |
| क) | ग्रामीण क्षेत्र | | | ४०० | | ३०० |
| ख) | शहरी क्षेत्र | | ५०० | | | ५०० |
| ८ | **भत्ताधारि सेनालाई आपूर्ति** | | | | | |
| ९ | नेत्रहिनलाई आपूर्ति | | घरेलु दर लागू हुनेछ | | | |
| १० | धार्मिक स्थलमा आपूर्ति | | | | | |

**पीसीई एवं सचिव**

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps .08. 01 2021